"Hands up for #HIVprevention"

# "हामी सबैको काम, एचआईभीको रोकथाम"

## २९औं विश्व एड्स दिवस २०७३

## (१६ मंसिर, २०७३, १ डिसेम्बर, २०१६)

विश्वमा जनस्वास्थ्य, सामाजिक तथा आर्थिक क्षेत्रहरुका साथै दिगो विकासका  लक्ष्यहरु समेत हासिल गर्न एचआइभी तथा एड्स एक चुनौतीको रुपमा रहेको छ । सन् २०१५ को डिसेम्बर सम्ममा संसारभरका करिब ३ करोड ६७ लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने नेपालमा करिब ३९,३९७ जनामा एचआइभीको संक्रमण भएको अनुमान छ । नेपालमा १५ वर्षदेखि ४९ वर्षको उमेर समुहमा  एचआइभी व्याप्तता दर (HIV Prevalence Rate) ०.२० प्रतिशत अर्थात् प्रति हजारमा दुई जना रहेको अनुमान छ । नेपालमा आ.व. २०७२/७३   (सन् २०१६ जूलाई) सम्ममा १२,४४६ जना एचआइभी संक्रमित एन्टिरेट्रोभाइरल ( एआरभी) औषधि उपचारमा रहेका छन ।  हालसम्मको तथ्यांक अनुसार नेपालमा करीब ८५ प्रतिशत एचआइभी संक्रमण असुरक्षित यौनसम्पर्कको माध्यमबाट सरेको पाइएको छ । नेपालमा हाल मुख्य रुपमा एचआइभी संक्रमण यौनकर्मी तथा उनीहरुका ग्राहकहरु, पुरुष समलिंगीहरु, तेस्रोलिंगीहरु, सुईद्वारा लागूपदार्थ लिने व्यक्तिहरु, र प्रवासी कामदारहरुमा केन्द्रित रहेको पाइएको छ ।

एचआइभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै वृहत्तरूपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता, सहभागिता र प्रतिबद्धता बढाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाउदै आईएको छ । एड्स बिरुद्ध विश्व अभियान कार्यक्रममा विश्वभरका सबै सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरू, नागरिक समाज, पेशाकर्मी, संचार माध्यम लगायत सबै क्षेत्र र वर्गका व्यक्तिहरू एकजुट भई रोकथामका लागि प्रतिबद्धता र ऐक्यबद्धता जनाउन यो दिवस मनाउने गरिन्छ ।

विश्वमा एचआइभी पत्ता लागेको ३५ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको २९ वर्ष भइसकेको छ । प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको पहूंचमा वृद्धि भई नेपाल लगायत विश्वव्यापीरूपमा नै एचआइभीको नयाँ संक्रमण घट्दै गइरहेको छ साथै एचआइभी र एड्स सम्बन्धी लान्छना तथा भेदभाव पनि कम हुँदै गइरहको छ र संक्रमितहरुको हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा पनि पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि उल्लेख्य कमी आएको छ । तथापि बयस्कहरु (१५-४९ वर्ष) मा एचआइभीको नयाँ संक्रमण सुस्त गतिमा घटिरहेको यूएनएड्सको सन् २०१५ को प्रतिवेदनले देखाएको छ । यूएनएड्सको "Prevention Gap Report, 2016" अनुसार विश्वभर प्रत्येक वर्ष अनुमानित १९ लाख वयस्कहरुमा नयाँ संक्रमण भएको देखिएको छ । विभिन्न अनुसन्धान तथा प्रतिवेदन हरुले एचआइभी रोकथामका क्रियाकलापहरुलाई थप सुदृढीकरण गरेमा एड्सको महामारी सन् २०३० सम्म अन्त्य गर्न सकिने कुरालाई समेत यसले प्राथमिकताको साथ राखेको छ ।

यस वर्ष विश्वव्यापी रुपमा "Hands up for #HIVprevention" मूल नाराका साथ मनाईंदै छ । विश्वव्यापी नारालाई आधार मानी नेपालमा पनि **"हामी सबैको काम, एचआइभीको रोकथाम"** भन्ने मूल नाराका साथ विभिन्न क्रियाकलापहरु गरी मनाईंदै छ । यस मूल नाराले एचआइभी रोकथामको विभिन्न पक्षहरुलाई कसरी विशेष समुहहरु जस्तै वयस्क तथा  युवा महिलाहरु, एचआइभीको उच्च जोखिममा रहेका समुहहरु र एचआइभी संक्रमितसंग सम्बन्धित कार्यक्रमहरु लैजाने र सुदृढीकरण गर्ने बारे समेटेको छ ।

एड्सको महामारीलाई अन्त्य गर्नका लागि हाल सन्चालित राष्ट्रिय र विश्वव्यापी अनुक्रियालाई तीव्रता दिन आवश्यक भएको तथ्य विभिन्न अनुसन्धान तथा कार्यक्रमहरुले देखाएका छन् । जसका लागि सन् २०२० सम्ममा अनुमानित एचआईभी संक्रमित व्यक्तिहरु मध्ये ९० प्रतिशतले परीक्षण गरि आफ्नो एचआइभीको अवस्थाबारे जानकार हुने, जानकार भई संक्रमित पाइएका मध्ये ९० प्रतिशतले एआरभी औषधि उपचार प्राप्त गर्ने र